निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन आयोग, नेपाल

## नेपालको संविधानको धारा २७१ बमोजिम सम्पन्न हुने राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता सम्बन्धी सूचना

प्रकाशन मिति २०७८।९।१

१. नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम निर्वाचन आयोगमा दर्ता कायम रहेका दलहरुलाई संवत् २०७८ साल माघ १२ (बाह्र) गते हुने राष्ट्रिय सभा सदस्यको निर्वाचन प्रयोजनको लागि संविधानको धारा २७१ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम दर्ता हुन संवत २०७८ साल पुष १ गते देखि पुष १० गते सम्म कान्तिपथ, काठमाडौं स्थित यस आयोगमा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को अनुसूची-१२ बमोजिमको ढाँचामा निवेदन दिन आव्हान गरिएको छ। निवेदनको ढाँचा आयोगको वेब-साइट www.election.gov.np बाट डाउनलोड गर्न वा आयोगबाट प्राप्त गर्न सकिनेछ ।

२. दल दर्ताको लागि निवेदन दिँदा खुलाउनु पर्ने विवरणः-

(क) दल सम्बन्धी विवरण (राजनीतिक दलको पूरा र संक्षिप्त नाम, स्थापना भएको मिति, आयोगमा दर्ता भएको मिति र केन्द्रीय कार्यालय रहेको ठेगाना, टेलिफोन, इमेल र वेबसाइट):-

(ख) दलको केन्द्रीय कार्यकारिणी समितिको पदाधिकारी तथा सदस्यको संख्याः-

(ग) आयोग समक्ष दलको वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको मितिः-

(घ) दलको केन्द्रीयस्तर र प्रदेशस्तरको कार्यकारिणी समितिको पछिल्लो निर्वाचन मितिः-

(ङ) यसभन्दा अघिको निर्वाचनमा प्राप्त गरेको निर्वाचन चिन्हको सट्टा अर्को निर्वाचन चिन्ह लिन चाहने दलले आफूले प्राप्त गर्न चाहेको तीन वटा निर्वाचन चिन्ह प्राथमिकता क्रम अनुसार उल्लेख गर्ने :-

(च) राजनीतिक दलको संगठनात्मक स्वरुप (केन्द्रीयस्तर र प्रदेशस्तर छ/छैन खुलाउने):-

३. संलग्न गर्नुपर्ने कागजातहरु : –

(क) निर्वाचन प्रयोजनको लागि दल दर्ता गर्न केन्द्रीय समितिबाट भएको निर्णयको प्रतिलिपि,

(ख) दलको विधान, नियमावली तथा घोषणापत्र, निर्वाचन चिन्हको नमूना र सोको विद्युतीय प्रति,

(ग) आ.व.२०७७/०७८ को वार्षिक लेखा परीक्षण प्रतिवेदन, तर,

(१) आर्थिक वर्ष २०७६/७७ मा एकीकरण भई वा गाभिई नयाँ कायम भएका दलले आर्थिक वर्ष २०७६/७७ को लेखा परीक्षण प्रतिवेदन पेश गर्दा एकीकरण वा गाभिनुपूर्वका दलको विवरण समेत देखिने गरी तयार गरिएको वार्षिक लेखा परीक्षण प्रतिवेदन,

(२) आर्थिक वर्ष २०७७/७८ मा एकीकरण भई वा गाभिई नयाँ कायम भएका दलले आर्थिक वर्ष २०७६/७७ को लेखा परीक्षण प्रतिवेदन पेश गर्दा साविकमा अलग अलग रहेका दलको वार्षिक लेखा परीक्षण प्रतिवेदन,

(घ) दलको प्रमुख पदाधिकारी बाहेक अधिकार प्राप्त व्यक्तिले निवेदन दिएको भए प्रमुख पदाधिकारीले दिएको त्यस्तो अधिकारपत्र ।

(ङ) उम्मेदवारलाई दलको औपचारिक पत्र प्रदान गर्ने गरी पदाधिकारी तोकिएको केन्द्रीय समितिको निर्णय र त्यसरी तोकिएको पदाधिकारीको नाम, पद र सम्पर्क नंम्बर सहितको दस्तखत नमूना।

४. दल दर्ताको लागि निवेदन पेश गर्दा संविधानको धारा २६९ को उपधारा (४) बमोजिम देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछः-

(क) राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनु पर्ने ।

(ख) राजनीतिक दलको विधान बमोजिम कम्तीमा पाँच वर्षमा एकपटक सो दलको संघीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन भएको हुनु पर्ने ।

(ग) दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको

व्यवस्था गरिएको हुनु पर्ने ।

५. अन्य थप जानकारीको लागि आयोगमा सम्पर्क राख्न सकिनेछ ।

♦♦♦